# पंचायत

# के-कसो ?

श्री ५ को सरकार,
राष्ट्रिय निर्देशन मन्त्रालय,
प्रचार तथा प्रसार विभाग ।

# 'पंचायत'-के-कसो ?

–नारायणप्रसाद बाँस्कोटा–
डाइरेक्टर, प्रचार तथा प्रसार विभाग

श्री ५ को सरकार, राष्ट्रिय निर्देशन मन्त्रालय
प्रचार तथा प्रसार विभाग ।

श्री ५ को सरकार,
राष्ट्रिय निर्देशन मन्त्रालय,
प्रचार तथा प्रसार विभागद्वारा प्रकाशित ।

दोश्रो पटक, ५००० प्रति
फागुन २०१८

गोरखापत्र छापाखानामा मुद्रित ।

# पं चा य त

के - कसो ?

पञ्चायत नै प्रजातन्त्रको मूल आधार भएको हुनाले सरकार द्वारा अधिराज्यभरि 'राष्ट्रिय पञ्चायत' खडा गरिने घोषणाको अनुरुप देशभरि ग्राम पञ्चायतको चुनाउ सम्पन्न हुंदैछ ।

यस पञ्चायतको स्थापनाले देशका प्रत्येक व्यक्तिलाई देश निर्माणको कार्यमा सहयोग दिन समान अधिकार दिलाई सच्चा प्रजातन्त्रको जग बसाल्ने काम गर्नेछ ।

विगत केही वर्षदेखि प्रजातन्त्रको नाउँमा देशको परिस्थिति बिग्रंदै गएकोले श्री ५ महाराजाधिराजबाट २०१७ साल पौष १ गतेको दिन एउटा ऐतिहासिक कदम उठाइबक्स्यो र देशमा माथिबाट लादिएको प्रजातन्त्र अफाप सिद्ध भएकोले प्रजातन्त्रको जग तलैबाट बसाल्दै लैजान पञ्चायत पद्धति नै सर्वउपयुक्त छ भनी हुकूम भयो ।

गत श्रावण १ गतेका दिन श्री ५ को सरकारद्वारा यस पद्धतिको प्रयोग देशमा गरी देशमा वास्तविक प्रजातन्त्रको स्थापना गर्नका लागि एक घोषणा गरिएको थियो । अधिराज्य भरि पञ्चायतको संगठनले देशमा प्रत्येक जनताले शासनको बढी से बढी अधिकार पाउने छ ।

पञ्चायत स्थानीय क्षेत्रको सरकार जस्तै हो । या भनौं पञ्चायत प्रजा या जनताको हित गर्ने एउटा संस्था हो, जसमा यहाँका जनता नै सम्मिलित भएका हुन्छन् । पञ्चायतका सदस्य स्थानीय जनता नै भएका हुनाले उनीहरूलाई आफ्नो क्षेत्रको दुःख, पीर र आवश्यकताहरूको ज्ञान हुन्छ, त्यसो हुनाले त्यस्ता कुरा सरकारसम्म पुर्याउनमा कुनै प्रकारको बिलम्ब गर्दैनन् । यस प्रकारसंग जनताकै अगाडि रहेर जनताको हित चाहने संस्था पञ्चायतै हो ।

पञ्चायतको अर्को लाभ यो हो कि यसले कुनै पार्टी अथवा संस्थाको स्वार्थलाई स्थान दिनेछैन । स्थानीय जनताहरूमध्ये नै केही पञ्चायतका सदस्य हुनेछन् । जनताले त्यस्ता व्यक्तिहरू छान्दा आफ्ना हितैषीहरूलाई नै छान्दछन् । त्यसो हुँदा कुनै वर्ग अथवा सम्प्रदाय विशेषको एकक्षत्र राज्य पनि हुन पाउँदैन । किनभने, पञ्चायत सबैको सहयोगबाट बन्ने संस्था हो, र त्यसका सदस्य गाउँको भलो चाहने कोइ पनि हुन सक्दछन्, चाहे त्यो धनी होस् वा गरीब, ज्यामी होस् वा जिम्दार । कृषक होस् वा दुकानदार ।

संसदीय प्रजातन्त्रमा गाउं–घरका जनताहरूले पाँच वर्षमा एकपटक मतदान केन्द्रमा गई वोट दिने सिवाय अरू कुनै सक्रिय योगदान देश–निर्माणको बाटोमा दिन पाउँदैन-थिए, तर पञ्चायती प्रजातन्त्रमा जनताको कार्य यत्तिकैमा सकिंदैन । उनीहरू प्रत्येकले पञ्चायत सभामा भाग लिई आफ्नो आवश्यकताहरू बताई सरकारलाई उक्त आवश्यकता-

हरू बारे परिचित गराई र त्यसबारे सुझावहरू दिई सहयोग गर्दछन् ।

आफ्नै क्षेत्रको आवश्यकताको बारेमा छलफल गरी रहने हुनाले व्यर्थको स्वार्थभावनाले प्रेरित भएर अनावश्यक वाद-विवाद र झैं-झगडालाई पनि पञ्चायत पद्धतिले स्थान दिने छैन । आफ्नो देशमा आफ्नै किसिमको, देशको एकता र सार्वभौमिकतालाई सुदृढ पार्ने संगठनको हामीलाई अैले आवश्यकता परेको छ, र वर्तमान पञ्चायत पद्धतिले यस्तो आवश्यकताको पूर्ति गर्नेछ ।

प्रत्येक वयस्क नागरिकहरू यस संगठनका अथवा पञ्चायतका सदस्य हुनेछन् । प्रत्येक व्यक्ति यस राष्ट्रव्यापी संगठनको अङ्ग बनी राष्ट्रोत्थानको काममा सरकारलाई सहयोग गर्नेछन् । यस प्रकारसंग जनताको अधिकार खाली वोट दिनसम्म मात्रै सीमित नभई राष्ट्रको शासन-व्यवस्थामा सक्रिय सहयोगको रूपमा परिवर्तित हुनेछ ।

यो संगठन गाउँ, नगर र जिल्लाको तहबाट उठेर आउँछ । यस प्रकारसंग गाउँ र नगर तथा जिल्ला–जिल्लामा पञ्चायतको गठन हुनाले उनीहरूलाई आफ्ना–आफ्ना समस्याहरूबारे सोच्न र समाधान गर्नेबारे विचार गर्न भार पर्नेछैन । गाउँ र नगरका आ–आफ्ना बेग्ला–बेग्लै समस्या हुन्छन् । शासनको प्रणालीमा गाउँभन्दा शहरलाई बढ्ता महत्व दिइन्छ, र यसले ठूल्ठूला शहरलाई राम्ररी विकास गर्ने अवसर प्राप्त भए जस्तै गाउँतर्फ विशेष ध्यान दिइन्न । तर,

पञ्चायत प्रथाले गाउँको पनि समुचित विकास गर्न वहाँको समस्याहरूबारे विचार–विमर्श गरी वहाँको लागि उपयुक्त आफ्नै ढङ्गले विकासको कार्य गरिने छ । शहरको विकास गरे जस्तै गाउँको विकास गर्न सजिलो हुदैन । शहरका समस्याहरू भन्दा गाउँका समस्या बढ्ता हुन्छन् । गाउँको आर्थिक, सामाजिक र शैक्षिक तीनै स्तर शहरको भन्दा अलि कमै हुन्छ । पञ्चायतले यस्ता समस्याहरूको समाधान, यस्ता प्रकारको कमीलाई दूर गरी, गाउँको स्वास्थ्य, शिक्षा र आर्थिक स्तर माथि उकाल्ने काम गर्छ ।

ग्राम र नगर पञ्चायतको माथि जिल्ला पञ्चायतको गठन हुनेछ । जिल्ला पञ्चायतको चुनाउ ग्राम पञ्चायतले गर्नेछ । जिल्ला पञ्चायतको माथि यथासमय अञ्चल पञ्चायतको गठन हुनेछ ।

यस प्रकार क्रमैसंग तलैबाट पञ्चायतले प्रजातन्त्रको जग बसाल्ने छ । संसदीय प्रजातन्त्रमा संसद्का सदस्यहरूको चुनाउ जनताले गरेपछि सामान्य जनताको काम समाप्त भएर जान्थ्यो । त्यसपछि उनीहरूले आफ्नो समस्या,आवश्यकताहरू माथि सरकारसम्म पुर्‍याउनलाई संसद्–सदस्यहरूको भर पर्नु पर्दथ्यो । यस प्रकार श्री ५ र श्री ५ को सरकारसित जनताले कुनै सीधा सम्पर्क स्थापित गर्ने कुनै सजिलो साधन हुँदैनथ्यो । तर, राष्ट्रिय पञ्चायतको स्थापनाले यस प्रकारको कमीलाई दूर गर्नेछ ।

त्यो कसरी भने, पञ्चायत प्रथामा ग्राम पञ्चायत र नगर पञ्चायतले स्थानीय समस्याहरूमाथि विचार गरी तिनीहरूको समुचित समाधान निकाल्न पूरा – पूरा अवसर पाउँदछ । यसमा जनताका केही निर्वाचित व्यक्तिहरू मात्रै होइन कि सम्पूर्ण जनताले नै ग्राम सभाको रूपमा पञ्चायतको बैठकमा भाग लिई छलफल गर्ने अवसर प्राप्त गर्नेछन् । विचार गर्दा खाली आफ्नै समस्या र स्वार्थको विचार नगरी पञ्चायतले सम्पूर्ण स्थानीय जनताको कष्ट र कमीको बारे विचार गरेको हुँदा बैठकको काम सौहार्दपूर्ण वातावरणमा सम्पन्न हुन्छ, र आपसी एकता र सहयोगको प्राप्ति हुन्छ ।

माथिल्लो तहमा निर्वाचित व्यक्तिले स्वतः तल्लो तहबाट इस्तीफा (राजीनामा) दिनु पर्दछ । किनभने, एउटै मानिस दुइ पञ्चायत समितिको सदस्य हुन सक्दैन । यस प्रकार राजीनामाले रिक्त स्थानको पूर्ति फेरि चुनाउद्वारा हुनेछ ।

ग्राम र जिल्ला पञ्चायतलाई सरकारले आपनो क्षेत्रको प्रशासन र विकास सम्बन्धी यथासम्भव बढी अधिकार दिनेछ । यस प्रकारसंग प्रशासन र विकास सम्बन्धी अधिकार प्राप्त हुँदा देशको विकास र उन्नतिको बाटो अझ प्रशस्त हुनेछ । प्रजातन्त्रको सही अर्थ जनताले जनताको शासन जनताको लागि नै गर्नु हो । यस प्रकार पञ्चायतहरूलाई स्थानीय प्रशासन र विकासको हरसम्भव अधिकार प्राप्त हुने हुँदा यस अर्थको वा सिद्धान्तको वास्तविक रूपमा कार्यरूपमा परिणत हुने कुरा सिद्ध हुन्छ ।

तर, अञ्चल पञ्चायतलाई यस किसिमको अधिकार प्राप्त हुनुको सट्टा यसका सदस्यहरूको ध्यान देशको आर्थिक, राजनैतिक र सामाजिक समस्यातर्फ बढी जाओस् भन्ने ध्येय राखिएको छ। किनभने,अञ्चल पञ्चायत,राष्ट्रिय पञ्चायतमा जाने एउटा माध्यम मात्र हो। यसैले पहिले यसलाई प्रशासनको अधिकार दिनुको सट्टा समस्या र आवश्यकताहरूप्रति सजग हुने बनाइने छ। अञ्चल पञ्चायतमा देशका विभिन्न समस्याहरू प्रति बराबर विचार भइरहने छ। यस प्रकार विचार र छलफल भइरहने हुनाले 'राष्ट्रिय पञ्चायत' मा परिपक्व विचार धाराको प्राडुर्भाव हुन कमी हुनेछैन। बरू यो भनौं कि अञ्चल पञ्चायत परिपक्व विचारधाराको सृष्टि गर्ने, राष्ट्रिय पञ्चायत र ग्राम र जिल्ला पञ्चायतको बीच माध्यमको रूपमा रहने छ।

हरेक ग्राम पञ्चायतले त्यस क्षेत्रको आवश्यकता र राजनैतिक, आर्थिक तथा सामाजिक तथा सांस्कृतिक विकास हासिल गर्ने उपाय र साधनहरूको अध्ययन गर्नेछ। कुनै देश वा क्षेत्रको विकास त्यस क्षेत्रको आवश्यकताहरूको पूर्ति बिना सम्भव हुँदैन। आवश्यकताहरूको पूर्ति अध्ययन बिना सम्भव छैन। त्यसैले ग्राम पञ्चायतको काम सर्वप्रथम आपना-आपना क्षेत्रको आवश्यकताहरूको अध्ययन नै हुनेछ। देशको विकासको लागि स्थानीय आवश्यकताहरूको पूर्तिका साथ-साथै त्यहाँको आर्थिक, सामाजिक र सांस्कृतिक उत्थान पनि आवश्यक छ। किनभने, यिनीहरूको उत्थान बिना नागरिक

जीवन समृद्ध हुँदैन । यस कार्यमा छानिएका व्यक्तिले मात्रै काम नगरी छान्ने व्यक्तिहरूले पनि काम गर्नुपर्दछ । अर्थात् यस प्रकारको कार्यमा दुवै प्रकारका व्यक्तिहरूको सहयोग अनिवार्य छ । यस प्रकार यो सबैको सम्मिलित कार्य हो । तर, यो उनीहरूको स्थानीय कार्य अथवा प्रयत्न गनिने छ । स्थानीय र केन्द्रीय सरकारको त यसबारे प्रयत्न जारी नै रहने छ । सरकारको काम यस्ता कार्यहरूतर्फ उचित कदम चाल्नु र चाल्न लगाउनु हो, र उनीहरूको आफ्नो प्रयत्नका साथ-साथै स्थानीय जनताले पनि आफ्नो प्रयत्न जारी राख्नेछन् ।

प्रत्येक सदस्यलाई आफ्नो उचित राय र विचार प्रकट गर्ने अधिकार छ र पञ्चायतको माथिल्लो तहसम्म ती रायहरू पेश गर्न सदस्यले सक्दछ । यस प्रकारको व्यवस्थाबाट माथि भनिएको समानाधिकारको कुराको पुष्टी हुन्छ । पञ्चायत सबैको हो, सबैको भलाईको लागि बनेको हो, अतः सबैलाई आफ्नो मत या विचार निर्भयतापूर्वक प्रकट गर्ने अवसर प्राप्त नभई यस प्रकारको कुरा पूरा हुन सक्दैन थियो । तर, अधिकार प्राप्त भयो भन्दैमा व्यर्थको छलफल या बहस गर्ने अधिकार पनि दिइएको छैन । त्यस्ता विचार जो विषयानुकूल र हितकारी हुन्छन्, लाई मात्रै पञ्चायतको अधिवेशनमा पेश गर्न सकिन्छ । यसले गर्दा सभामा व्यर्थको वाद-विवादको सृष्टि हुँदैन, र काममा बाधा पनि हुन पाउँदैन । यस्ता प्रकारको बैठक महीनामा कम-से-कम दुइपल्ट बस्ने छ । ग्राम पञ्चायतले यस्ता ग्राम समितिको र ग्राम समितिले उपसमितिका बैठकहरू समयमा

भएको छ, छैन यसको पनि विचार राख्दछ । यस प्रकारसंग विचार राख्नाले बैठक नियमित समयमा हुन्छ ।

विचारको आदान–प्रदान प्रत्येक तहको एक अर्कोसंग हुँदै रहन्छ । यस प्रकारसंग विचारको आदान–प्रदान हुँदा आपसमा एकता, सहयोग र परिचय प्राप्त हुन्छ । एकता, सहयोग र परिचय नै विकास कार्यमा अत्यन्त सहायक हुने हुँदा यसबाट जनताको कल्याण हुन्छ ।

प्रत्येक तहमा पञ्चायतले त्यही तहको सरकारी विभागसंग घनिष्ठ सम्पर्क राख्दछ र सो सम्पर्कद्वारा धेरै स्थानीय समस्याहरू तुरुन्तै समाधान हुन्छन् । प्रत्येक तहको पञ्चायतले खाली समस्याहरूको अध्ययन गर्ने अथवा आफ्नै भरमा कार्य गर्ने गर्दा सम्भवतः सम्पूर्णतः आवश्यकताहरूको पूर्ति गर्न गाह्रै पर्दछ । केन्द्रीय सरकारको सहायता बेगर कार्य पूरा गर्न सजिलो हुँदैन । सरकार देशको उन्नति र विकास गर्नका लागि बनेको हो, र यसले देशको समस्या र आवश्यकताहरूको पूर्ति गर्दछ । तर, सरकारलाई यी आवश्यकता र समस्याहरूको राम्ररी ज्ञान नभए उनीहरूलाई पूरा गर्ने र हटाउने काम गर्न मुश्किल पर्न जान्छ । अब पञ्चायतले आवश्यकतानुसार सम्बन्धित विभागसंग सम्पर्क राखी आफ्नो समस्याहरू बारे सरकारलाई अवगत गराएको खण्डमा सरकारलाई छिटो र छरितो काम गर्न सजिलो पर्छ । जस्तो कि, कुनै क्षेत्रमा कृषि सम्बन्धी संकट छ । पानी नपर्नाले अथवा उत्तम बीउ इत्यादिको अभावमा खेती राम्रोसंग हुन पाउन

सकेको छैन । उक्त क्षेत्रको पञ्चायतले यी सब कुराको राम्ररी अध्ययन गरी कृषि–विभागसंग सम्पर्क राखी त्यस समस्यालाई सरकार समक्ष राख्दछ । सरकारले तुरन्त यस सम्बन्धी कारवाइ गर्ने प्रबन्ध मिलाउँछ, र यस प्रकारसंग समस्याहरूको समाधान तुरन्त हुन्छ ।

स्थानीय समस्याहरूको हल मात्रै देशोन्नतिको लागि आवश्यक कुरा होइन । यसको बाहेक अन्तर्राष्ट्रिय समस्याहरू पनि हुन्छन् । हामी यस संसारका अनेक देशहरू मध्ये एक हौं, र यसो हुनाले हामीले प्रत्येक देशसंग राम्रो सम्पर्क राख्नु पर्छ; र आफ्नो उन्नतिको निमित्त संसारमा शान्ति स्थापना गर्नमा सहयोग गर्नु पर्छ । यसो हुनाले विभिन्न तहका पञ्चायतहरूको अधिवेशनमा स्वीकृत भएका प्रस्ताव र कार्यक्रमलाई ध्यानमा राखी राष्ट्रीय पञ्चायत सम्मेलनबाट विश्व–शान्ति, निरस्त्रीकरण शान्तिपूर्ण सहअस्तित्व, असंलग्न स्वतन्त्र नीति आदि अन्तर्राष्ट्रिय समस्याहरू र अनेक राष्ट्रिय समस्याहरू बारे प्रस्ताव स्वीकृत हुन्छन् ।

देशलाई उकालो लगाउने सबभन्दा आवश्यक वस्तु राष्ट्रिय एकता हो । यस बेगर देशमा शान्ति स्थापित हुँदैन । राष्ट्रिय एकता सामाजिक एकताद्वारा प्राप्त हुन्छ । किनभने, मनुष्य सामाजिक प्राणी हो र यसले आफ्नो समाज मन पराउँदछ । समाज–समाजमा आपसमा मेल भएन भने, आपसमा फूट र कलह पैदा हुन्छ । देश व्यक्तिहरूले बनेको हो, र व्यक्ति समाजमा रहन्छ । त्यसो हुनाले सामाजिक एकतामाथि पनि

बल दिइएको छ । सबै पञ्चायतहरूले सामाजिक एकताभाथि पनि ध्यान दिनेछन् ।

अब पञ्चायतको सबभन्दा महत्वपूर्ण कुरा र लाभ आउँछ । विभिन्न अञ्चल पञ्चायतका अधिवेशनहरू समाप्त भएपछि पूर्व निश्चित कार्यक्रमानुसार श्री ५ महाराजाधिराजको अध्यक्षतामा राष्ट्रिय पञ्चायतको वार्षिक अधिवेशन बस्ने छ ।

श्री ५ महाराजाधिराजको अध्यक्षतामा हुने यस राष्ट्रिय पञ्चायतमा प्रत्येक अञ्चल पञ्चायतका, केन्द्रीय स्तरका वर्गीय संगठनका र केन्द्रीय स्तरका पेशेवार संगठनहरूका प्रतिनिधिहरू र श्री ५ को सरकारद्वारा केही मनोनीत व्यक्तिहरू समेत रहनेछन्। 'यसरी राष्ट्रिय पञ्चायत' पञ्चायतका तहबाट माथि आएका र विभिन्न संगठनहरूको केन्द्रीय स्तरमा पुगेका योग्य व्यक्तिहरूको सम्मेलनको रूपमा हुनेछ ।

आज हाम्रो जस्तो अविकसित मुलुकमा हामीलाई आफ्नै तरीकाले आफूलाई माथि उठाउनु परेको छ । प्रजातन्त्रको बिरुवा हामीले आफ्नै मलिलो माटोमा आफ्नै देशको हावा, पानीमा हुर्काउनु परेको छ । प्रजातन्त्रको जग तलैबाट बलियो तुल्याउँदै लैजान हामीलाई पञ्चायत पद्धतिलाई बलियो पार्नु परेको छ ।

हाम्रो देशको सौभाग्य हो कि जब-जब यसलाई आपत आइलाग्छ, त्यसबेला कुनै न कुनै युगपुरुषको यहाँ अवतरण हुन्छ । इतिहास यसको साक्षी छ । राष्ट्रपिता स्वर्गीय श्री ५

त्रिभुवनको अदम्य सहयोगले २००७ सालमा यो देश एकतन्त्रीय शासनको पञ्जाबाट छुटेर प्रजातान्त्रीय व्यवस्थातिर आयो । तर, तैपनि देशमा सुख–शान्तिको हावा चल्न सकेको थिएन । खोक्रो प्रजातन्त्रले केही गर्न सकेन । फलतः हाम्रो राष्ट्रनायक श्री५महेन्द्रबाट चिन्ता लिइबक्सनु स्वाभाविकै थियो । मौसूफ कैसदिच्छानुसार सरकारले हालै 'राष्ट्रिय पंचायत'को व्यवस्था देशमा छिटै नै लागू गर्न देशभरि पंचायतको चुनाउ गराइंदै छ ।

श्री ५ को नेतृत्वमा नै देश अगाडि बढ्ने कुरा समस्त जनताको दृष्टिबाट लुकेको छैन । 'राष्ट्रिय पञ्चायत' को अधिवेशनको अध्यक्षता श्री ५ बाट नै हुने हुँदा अब देशको विकास र उन्नति छिटै नै हुनेछ ।

युगपुरुष श्री ५ को सुयोग्य नतृत्व हामीले पाएका छौं । 'राष्ट्रिय पञ्चायत' को गठनले अब श्री ५ र जनताको बीच कुनै प्रकारको व्यवधान रहने छैन । सदैव देश कै भलो चिताइबक्सिने श्री ५ को सम्मुख पस्थित भई अब जनताले आफ्नो पीर, मर्का बारे बताउने औसर पाउने छन् ।

अत्यन्त प्राचीनकाल– रामायण र महाभारत काल देखि नै वेद–पुराणमा हामीले पञ्चायत राजको उदाहरण पाउँछौं । पञ्चायत राज व्यवस्था नै सर्वश्रेष्ठ शासन व्यवस्था हो भन्ने कुरा शास्त्रसम्मत छ । श्री ५ को पनि यै स्वप्न थियो । जनताले पनि जसरी होस् सुख–समृद्धि प्राप्त गरी देशलाई अरू देश सरह उन्नतशील बनाई संसारमा चम्काउने कल्पना गरेकाछन् । आधुनिक कालमा प्रजातन्त्रको धेरै मान छ, तर प्रजा-

तन्त्रको सफलता त्यस देशका निवासीहरूमाथि निर्भर गर्दछ । पञ्चायत व्यवस्थाद्वारा प्रजातन्त्रको सही जानकारी गराई देशमा शिक्षाको स्तर ऊँचा उठाई, देशको आर्थिक र सामाजिक समस्या हटाई प्रजातन्त्रको भव्य इमारत खडा गर्नु परेको छ, नकि प्रजातन्त्रको खोक्रो रूप लिई प्रजातन्त्रको नाउँमा अनुशासनहीन मनपरीतन्त्रको राज गराउनु छ ।

यसरी हामी देख्दछौं– पञ्चायत व्यवस्थाद्वारा हामीले श्री ५ को नेतृत्व पाउँछौं, प्रत्यक्ष आपनो दुःख–सुख मौसूफसंग भन्न पाउँछौं र आफ्नो उन्नति आफैंले गर्ने औसर पाउँछौं । यस प्रकारसंग 'पञ्चायत' ले देशमा रामराज्य ल्याई समस्त जनतालाई सुख–समृद्धि प्रदान गर्नेछ । यसमा श्री ५ को सद्विश्वास छ, र हाम्रो पनि अटल भरोसा छ । अब यसमा आफ्नो कर्तव्य पालन गरेमा हाम्रो स्वप्न अवश्य नै पूरा हुनेछ । र हामीले गाउने छौं–

सिरी ५ पञ्चैको सरकार !